# रेसुङ्गा नगरपालिकाको नीति तथा कार्यक्रम – २०७४

**रेसुङ्गा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तम्घास, गुल्मी**
**५ नं. प्रदेश, नेपाल**

**नगर सभावाट स्वीकृत मिति : २०७४/०४/३२ गते**

रेसुङ्गा नगरपालिका

# रेसुङ्गा नगरपालिकाको नीति तथा कार्यक्रम - २०७४

## आर्थिक विकासतर्फ

१. आयमूलक कार्यक्रमलाई व्यावसायिक रूपमा प्राथमिकताकासाथ सञ्चालन गरिनेछ । यसका लागि गै.स.स. तथा नीजिक्षेत्र समेतको साझेदारीमा कृषि, पशु तथा जडिबुटीजन्य व्यवसायमा आधारित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२. कृषकलाई उन्नत बिउ मल र बिना ब्याजमा सरल तरिकाबाट ऋण उपलब्ध गराउन जोड दिइनेछ ।

३. "एक उत्पादन एक पकेट क्षेत्र" कार्यक्रम सञ्चालन गर्न आवश्यक सहयोग उपलब्ध गराइनेछ । व्यवसायिक उत्पादनमूलक समूह तथा सहकारीहरूलाई विशेष प्रोत्साहन दिइनेछ ।

४. नगरपालिका भित्र उत्पादन भएर बाहिर निकासी हुने सुन्तला, कफी, तरकारी, अदुवा, वेसार, दूध, कुखुरा, खसी लगायतका कृषि तथा पशुपंक्षीजन्य उत्पादनहरूको उपभोग, संकलन, प्रशोधन तथा प्रवर्द्धनको लागि स्थापना गरिने लघु उद्योगहरूलाई सहयोग गर्ने र यस किसिमका बस्तुहरू बाहिरबाट आयात गर्न निरुत्साहित गरिनेछ ।

५. "जैविक खेती हरियो तरकारी, एक घर एक कौशी/करेसावारी" कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

६. कृषि विकास, पशु विकास, दूध उत्पादन तथा सहकारीको प्रवर्द्धन र विकासका लागि नवीनतम प्रविधिहरू हरेक वडासम्म पुऱ्याउन नगरपालिकामा भएका सहकारी तथा कृषक समूहहरूलाई संस्थागत विकास र व्यवसायिक तालिम प्रदान गर्न विभिन्न संघसंस्थाहरुसँग समन्वय गरी सहकार्यात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

७. नगरपालिकाका विभिन्न सम्भाव्य स्थानहरूलाई कृषि तथा पशु उत्पादन केन्द्र तोकी क्रमश नमुना कृषि फार्म र पशु फार्मको स्थापना र विकास गर्दै लगिने छ । कृषि तथा पशुपालन कार्यलाई एकीकृत रुपमा सञ्चालन गरी व्यवसायिकता तर्फ उन्मुख गर्न उत्प्रेरित गरिनेछ ।

**प्रमाणित गर्ने :**

...............................

**डिल्लीराज भुसाल**
**(नगर प्रमुख)**
**मिति : २०७४/०५/०५**

८. नगरपालिकामां उत्पादित कृषि तथा पशुजन्य वस्तुहरूको बजारीकरणको लागि गुल्मी उद्योग वाणिज्य संघ लगायतका निजी क्षेत्रसँगको सहकार्यमा विशेष कार्यक्रमहरू सञ्चालन गरिने छ ।

९. जैविक विविधताको सम्वर्द्धन र सदुपयोग गर्दै जलवायु परिवर्तन अनुकूलन प्रविधिहरूको विकास गरी कृषि जन्य उत्पादनमा प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरिने छ । रेसुङ्गा नगरपालिकालाई आगामी ५ वर्षभित्र प्राङ्गारिक नगरपालिकको रुपमा विकास गर्दै लगिनेछ ।

१०. सामुहिक व्यवसायिक कृषि तथा पशु उत्पादन गर्ने समुह वा सहकारीले कृषि तथा पशु प्रविधिका उपकरणहरू तथा ढुवानीको लागि वडा कार्यालय तथा सम्बन्धित प्राविधिकको सिफारिसमा माग गर्न आएमा प्राथमिकताका आधारमा ५०% रकम अनुदान उपलब्ध गराइनेछ तर उक्त रकम रु १ लाख भन्दा बढी हुने छैन ।

११. कृषिमा लागेका युवाले कृषि तथा पशु प्रविधिका उपकरणहरूको लागि वडा कार्यालय तथा सम्बन्धित प्राविधिकको सिफारिसमा माग गर्न आएमा प्राथमिकताका आधारमा ३०% रकम उपलब्ध गराइनेछ । तर उक्त रकम रु २५ हजारभन्दा बढी हुने छैन ।

१२. किसानबाट उत्पादित कृषि उपजहरुको सहज बजारीकरण तथा उपयुक्त मूल्य किसानलाई दिलाउन कृषि संकलन केन्द्र र हाट बजार सञ्चालन कार्यलाई अगाडि वढाइनेछ ।

१३. यस नगरपालिकाका महत्वपूर्ण धार्मिक, ऐतिहासिक, पुरातात्विक, साँस्कृतिक, प्राकृतिक स्थलको संरक्षण गरी आन्तरिक तथा बाह्य पर्यटनलाई प्रवर्द्धनको लागि आवश्यक पूर्वाधारको पहिचान, अध्ययन र अनुसन्धान गर्दै नगरपालिकाको पर्यटन गुरु योजना तर्जुमा गरिनेछ साथै रेसुङ्गामा बहुउपयोगी सुविधा सम्पन्न धर्मशाला/भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१४. स्थानीय कला, सीप र प्रविधिको संरक्षण गर्दै नगरपालिकाको पहिचान झल्किने वस्तुहरूको उत्पादन बृद्धि गर्न घरेलु तथा साना उद्योगहरूको प्रबर्द्धनमा जोड दिइनेछ । घरेलु उत्पादनलाई बजारीकरण गर्न गुल्मी उद्योग वाणिज्य संघसँगको सहकार्यमा कोशेली घरलाई आवश्यक सहयोग गरिनेछ ।

## सामाजिक विकास तर्फ

१. विकासको मूलधारमा समावेश हुन नसकेका दलित, जनजाति, महिला, बालवालिका, अपाङ्ग, वृद्धवृद्धा, मुस्लिम, अल्पसंख्यक तथा पिछडिएको समुदायलाई लक्षित गरी क्षमता अभिवृद्धि, तालिम, आयआर्जन र पूर्वाधार विकासका क्षेत्रमा खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

२. पूर्ण सरसफाई कार्यक्रमलाई न.पा. मा अभियानका रुपमा सञ्चालन गरिनेछ ।

३. नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूलाई उनीहरूले गरेको कार्यसम्पादन सूचकको आधारमा नमूना विद्यालय छनोट गरी प्रोत्साहन गर्ने कार्यलाई अगाडि बढाइनेछ ।

४. रेसुङ्गा नगरभित्र सञ्चालित विद्यालयहरुको गुणस्तर वृद्धि गर्न र विद्यमान अवस्थाका आधारभूत तथा माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा संचालन गर्न सम्भाव्यता अध्ययन गरी सञ्चालन गर्नका लागि प्रोत्साहन गरिनेछ ।

५. नगर क्षेत्रभित्रका सम्पूर्ण विद्यालयहरुमा आगामी शैक्षिक सत्र देखि अंग्रेजी माध्यमवाट पठनपाठनको व्यवस्था मिलाईनेछ ।

६. नगर क्षेत्र भित्रका विद्यालयहरुको गुणस्तर वृद्धि गर्न तालिमको व्यवस्था, प्रतिस्पर्धाको वातावरणको लागि पुरस्कारको व्यवस्था गरिने छ ।

७. सामुदायिक विद्यालयको समग्र व्यवस्थापनका लागी विशेष खालका कार्यक्रम संचालन गरिने छ ।

८. रेसुङ्गा नगरपालिका क्षेत्र भित्र संचालित गुल्मीको गौरव रेसुङ्गा बहुमुखी क्याम्पसको स्तरवृद्धि र शैक्षिक पूर्वाधार, विज्ञान प्रयोगशाला लगायतमा विशेष ध्यान दिइने छ ।

९. रेसुङ्गा वहुमुखी क्याम्पसलाई व्यवस्थित रुपमा संचालन गर्न यस आ.व. मा दिईएको सहयोगमा नघट्ने गरि आगामी आ.व.हरुमा समेत निरन्तरता दिइनेछ ।

१०. सबैका लागि शिक्षा र सधैंका लागि शिक्षा भन्ने नारालाई मूर्त रुप दिन विभिन्न कार्यक्रम संचालन गरिने छ ।

११. यस नगरको गौरवको रुपमा रहेका रेसुङ्गा र अर्जुनको संरक्षण र विकासमा विशेष जोड दिइने छ ।

१२. खेलकुदको समुचित विकास गर्न नगरस्तरीय विभिन्न खेलकुद प्रतियोगिताको आयोजना र पूर्वाधार तयार गरिनेछ ।

१३. किरण पुस्तकालय लगायत अन्य पुस्तकालय तथा सामुदायिक अध्ययन केन्द्रहरुलाई प्रभावकारी रुपमा संचालन गरिनेछ । साथै अन्य वार्डहरुमा पनि विस्तार गर्दै लगिनेछ ।

१४. यस नगरपालिका क्षेत्र भित्र रहेको चिदीचौर र उनायचौरको  सम्भाव्यता अध्ययन गरी रगंशाला निमार्ण गर्न पहल गरिनेछ  साथै नगर क्षेत्रभित्र अन्य उपयुक्त स्थानको समेत खोजी गरिने छ ।

१५. युवा स्वरोजगार कार्यक्रमलाई व्यवस्थित र थप प्रभावकारी वनाउन विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।

१६. युवाहरुलाई लागुपदार्थको दुर्व्यसनीबाट वचाउन र नियन्त्रण गर्न जनचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।

१७. रेसुङ्गा नगरपालिका क्षेत्रभित्र रहेको तम्घास अस्पतालको सेवा विस्तार गरी सर्वसाधारणको सहज पहुँच पुग्ने गरी थप आवश्यक मेसिन, स्वास्थ्यकर्मी, औषधी आदिको व्यवस्थापनमा विशेष ध्यान दिइने छ ।

१८. यस नगर क्षेत्रभित्र रहेका स्वास्थ्य चौकीहरुको स्तर वृद्धि गरी क्रमशः चिकित्सक र ल्याव सहितको सेवा विस्तारमा पहल गरिनेछ ।

१९. स्वास्थ्य चौकीको सेवा पुग्न नसकेका स्थानमा आगामी ३ वर्ष भित्रमा शहरी स्वास्थ्य केन्द्र स्थापना गरी आधारभूत स्वास्थ्य सेवाको पहुँच पुऱ्याइनेछ ।

२०. आधारभूत स्वास्थ्य सेवाको उच्चतम उपभोग दर बढाउन समूदायमा स्वास्थ्य शिक्षा प्रवर्द्धन, जनचेतना जगाउने कार्यक्रमहरु संचालन गरिने छ ।

२१. नगर स्थित सम्पूर्ण खानेपानीका मुहानहरुको पानीको शुद्धताको जाँच र मुहान संरक्षणको लागि आवश्यक पहल गरिनेछ ।

२२. समय-समयमा फैलिन सक्ने महामारी रोगको प्रकोप तथा विपद व्यवस्थापनको तत्काल सम्बोधन गर्नकालागि नगरस्तरीय रेपिड रेस्पोन्स टीम खडा गरी आवश्यक पर्ने औषधी खरिद समेतको व्यवस्था मिलाई तयारी अवस्थामा राखिने छ ।

२३. सबै स्वास्थ्य संस्थाहरुबाट हरेक ३/३ महिनामा डीप स्टीक द्वारा मृगौला तथा मधुमेह रोगको प्रारम्भिक जाँच पडताल को व्यवस्थालाई सक्रियताका साथ लागु गरिने छ ।

२४. २४ सै घण्टे सुरक्षित प्रसुति केन्द्र संचालनका लागि सम्बन्धित स्वास्थ्य संस्था र वार्ड समिति/व्यवस्थापन समितिसंग समन्वय गरी भौतिक तथा अन्य पूर्वाधारहरु निर्माणको लागी पहल गरिने छ । प्रकृया पुरा गरी प्रोत्साहन भत्ता र यातायात खर्च पाउन योग्य नगरपालिका भित्रका सुत्केरी महिलालाई नगरपालिकाको तर्फ बाट पोषण खर्च वापत रु. १०००।– प्रदान गरिने छ साथै महिला स्वास्थ्य स्वयंम सेविकाले नगरपालिका भित्रका एक जना गर्भवती महिलालाई समयमै स्वास्थ्य संस्थामा जचांउन लगि दर्ता गराएमा नगरपालिकाको तर्फ बाट रु. १००।- प्रोत्साहन स्वरुप प्रदान गरिने छ ।

२५. पूर्णखोप दीगोपनाको लागि कार्यक्रमलाई निरन्तरता दिइने छ साथै समय तालिका अनुसार पूर्ण खोप लगाएको कार्ड लिई आउने नगरपालिका भित्रका आमालाई सधन्यवाद प्रशंसा-पत्र दिने व्यवस्था गरिने छ ।

२६. महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइने छ।

२७. यस नगर भित्र रहेका पोषण कार्यकम प्रभावकारी बनाउन सुआहारा कार्यक्रम सँग समन्वय गरी कार्यक्रम संचालन गरिने छ ।

२८. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र गुल्मीको स्तरउन्नतिको लागि पहल गरिनेछ।

२९. आयुर्वेद स्वास्थ्य केन्द्रबाट दिइने निशुल्क सेवालाई लक्षित समूहसम्म पुर्‍याइने छ।

३०. आयुर्वेद स्वास्थ्य केन्द्रबाट सञ्चालित गाउँघर क्लिनिक सेवा, ज्येष्ठ नागरिक सेवा, योग शिविर निःशुल्क स्वास्थ्य शिविर लाई वार्ड वार्डमा क्रमश विस्तार गर्दै लगिनेछ।

३१. स्थानीय स्तरमा उपलब्ध जडीबुटीहरुको पहिचान, संवर्धन, संरक्षण गरी अधिकाधिक औषधी निर्माण गरी स्थानीय आयस्रोतमा टेवा पुर्‍याउन विशेष ध्यान दिइने छ।

३२. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र स्थित पञ्चकर्म केन्द्रलाई स्तरउन्नति गरी देशकै नमूना केन्द्रको रुपमा विकाश गर्दै लगिने छ।

३३. जेष्ठ नागरिकहरुका लागि सबै वार्डहरुमा कमशः दिवाकालीन सेवा केन्द्रको व्यवस्था गरिने छ।

३४. लैङ्गिक विभेदलाई हटाई महिलामैत्री नगरको रुपमा विकास गर्न पहल गरिनेछ।

३५. नगर क्षेत्रभित्र रहेका खरका छानाहरुलाई क्रमशः ५ बर्ष भित्रमा हटाउने नीति अबलम्बन गरिनेछ।

३६. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुलाई नगर क्षेत्रभित्र कार्यक्रम संचालन गर्न आवश्यक सहयोग गरिने छ।

३७. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सबै वार्डहरुमा बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्न नगर क्षेत्रमा रहेका सरकारी तथा निजी बैंकहरुमार्फत आवश्यक पहल गरिनेछ।

३८. स्थानीयस्तर देखिनै वालअधिकारको संरक्षण र सम्बद्धन गर्न बालमैत्री स्थानीय शासन प्रणालीलाई संस्थागत गर्दै लगिनेछ।

३९. उच्च जोखिममा रहेका अपाङ्गहरूको पुनः स्थापनाको लागि आवश्यक पहल गरिनेछ। वृद्धवृद्धा, अनाथ बालबच्चाको संरक्षणमा विशेष जोड दिइनेछ। सार्वजनिक भौतिक पूर्वाधार निर्माण गर्दा अपाङ्गमैत्री संरचना बनाईनेछ।

४०. सामाजिक कुरीति, छुवाछुत तथा विभेद अन्त्य गर्ने खालका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४१. मौलिक संस्कृति, भाषा, भेषभुषा संरक्षणतर्फ आवश्यक व्यवस्था मिलाइनेछ । सबै जातजातिको साहित्य, कला, भाषा, इतिहास, संस्कृतिको सम्बर्द्धन तथा संरक्षण गर्ने नीति लिइनेछ ।

## वातावरण तथा विपद व्यवस्थापन तर्फ

१. सामुदायिक वन, निजी जग्गा तथा नगरभित्र निर्माण भएका सडकको किनारामा निर्माणसँगै अम्रिसो, बास जस्ता वोटविरुवा रोप्ने कार्यलाई नमुनाको रूपमा सञ्चालन गरिनेछ ।

२. विपद व्यवस्थापन कोष खडा गरी आकस्मिक विपद्  व्यवस्थापनमा सहयोग गरिनेछ ।

३. ल्याण्ड फिल्ड साईटको लागि उपयुक्त स्थानको खोजी गरी स्थानीय तहमा सहमति कायम गरी योजनाबद्ध रुपमा फोहोर व्यवस्थापनको प्रक्रिया अगाडि बढाइनेछ ।

४. नगरपालिका भित्र निजी साझेदारीमा नगरमा पाइने जडिबुटीको पहिचान परीक्षण नमुना नर्सरी निर्माण एवं व्यवसायीक रुपमा औषधी उत्पादन र जनचेतना एवम् सरसफाइमा प्राविधिक एवं आर्थिक सहयोग गरी वातावरणीय प्रदुषण कम गर्न पहल गरिनेछ ।

५. नगरपालिका भित्र एक वार्ड एक पोखरीलाई निरन्तरता दिंदै प्राकृतिक र परम्परागत पोखरी संरक्षणका साथै सिंचाई पुग्न नसकेको क्षेत्रहरुमा आकासे पानी सङ्कलन गरी सिंचाई गर्नका लागि पोखरी निर्माणमा विशेष जोड दिइनेछ । यस कार्यलाई जलाधार रहेको क्षेत्रमा पनि लागु गरिने छ । पर्यटकीय क्षेत्र नगरभित्र संभ्याव्यताको आधारमा जलाशय / पोखरी निर्माण गर्ने कार्यलाई अघि बढाइनेछ ।

६. नगरपालिकालाई घरभित्रको बायु प्रदुषण मुक्त नगरघोषणा गरिनेछ ।

७. सार्वजनिक शौचालय निर्माण, जनचेतना एवं सरसफाईमा प्राविधिक एवं आर्थिक सहयोग गरी वातावरणीय प्रदुषण कम गर्न पहल गरिनेछ ।

८. जलबायु परिवर्तनबाट पर्ने प्रभाव न्यूनीकरणको लागि सम्बद्ध पक्षको लागत सहभागितामा जलबायु अनुकूलन कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

९. साना सहरी विकास क्रममा रहेका बजार क्षेत्रमा भवन लगायत भौतिक निर्माण कार्यगर्दा सडकको मापदण्ड, ढल, खेल मैदान, पार्क जस्ता विषयहरूलाई प्राथमिकता दिई निर्माण गर्न सबैलाई सूचित गरिनेछ । रेसुङ्गा नगरपालिकाका वजारउन्मुख क्षेत्रमा नगर विकास मापदण्ड तयार गरी लागू गर्ने तर्फ आवश्यक पहल गरिनेछ ।

१०. सडक तथा अन्य भौतिक पूर्वाधार निर्माण गर्दा बन जंगल, जडीबुटी, पानीका मुहान तथा बन्यजन्तुलाई असर नपर्ने गरी निर्माण गर्ने र जैविक विविधता तथा पर्यावरणीय संरक्षण गर्न उपभोक्ता समितिहरूलाई जागरूक गराइनेछ ।



रेसुङ्गा नगरपालिका

## पूर्वाधार विकासतर्फ

१. रेसुङ्गा नगरपालिका भित्रको भौगोलिक,सामाजिक,आर्थिक तथा पूर्वाधारको यथार्थ स्थिति देखिने गरि नगर पार्श्वचित्र तयार गरिनेछ ।

२. नगर क्षेत्रभित्र पूर्वाधार निर्माणलाई नगर, प्रदेश र संघ स्तरीय योजनाहरु तैयार गरि तीन तहमा वर्गीकरण गरिनेछ ।

३. नगरपालिका क्षेत्रभित्र विद्युत आपूर्तिमा शुलभता ल्याउन तथा लोडसेडिङ्ग मुक्त वनाउन विद्युत प्रधिकरण संग ठोस योजना माग गरि जिल्लामा छोटो दुरीवाट विद्युत आपूर्ति व्यवस्था मिलाउन र रेसुङ्गा नगर भित्र विद्युत सव स्टेशन बनाउन पहल गरिनेछ ।

४. नगरका सवै वडामा सडकको मापडण्ड कम्तिमा १४ फिट र बढीमा ३० फिट रहने गरी निर्माण गर्ने र सडकमा पर्ने घरहरुको दर्ता अभिलेख अध्यावधिक गर्ने नीति अवलम्बन गरिनेछ ।

५. कूल पंजीगत वजेटको वडास्तरीय योजनाका लागि कम्तिमा ५ % प्रतिशत वजेट मर्मत संभार कोषमा विनियोजन गरिने छ । उत्त रकम कार्यविधि बनाई खर्च गरिनेछ ।

६. नगर क्षेत्रभित्र नगर यातायात सेवा सञ्चालनको लागि आवश्यक पहल गरिनेछ ।

७. पार्किङ्ग तथा नगर क्षेत्रभित्र ट्राफिक व्यवस्थापन गरिनेछ ।

८. रेसुङ्गा नगरपालिकाको नयाँ नापी गर्नको लागि सम्वन्धित निकायमा पहल गरिनेछ ।

९. रेसुङ्गा नगरपालिकाका सवै वडाहरुलाई समेट्ने गरि नगर चक्रपथ निर्माण कार्यलाई अगाडि वढाईनेछ ।

१०. जग्गामा रहेको बाटोहरुलाई सार्वजनिक बाटो कायम गरी सवै सडकमा मापडण्डको होडिङ्ग वोर्ड राख्ने व्यवस्था मिलाइनेछ ।

११. आन्तरिक र बाह्य पर्यटक भित्राउन रेसुङ्गा र अर्जुन क्षेत्रको गुरुयोजना तयार गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।

१२. तम्घास भित्रको बाटोलाई पर्यटकीय मार्गको रुपमा घोषणा गरी वैकल्पिक सडक मार्ग (वाईपास) को व्यवस्था गरिनेछ ।

१३. लघु , घरेलु तथा साना उद्योगको सम्भावयता अध्ययन गरी त्यस्ता उद्योगहरु स्थापना र प्रवर्द्धन गर्न उत्प्रेरित गरिनेछ।

१४. विद्यमान उर्जा संकट न्यूनीकरणकालागि वैकल्पिक उर्जा प्रविधिमा जोड दिइनेछ साथै सडक सौर्य वत्तीको व्यवस्थापन  गर्नका लागि लागत साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।

१५. नगरपालिका क्षेत्रभित्र कृषि उपज सामग्रीहरु भण्डारणको लागि उपयुक्त स्थानमा कोल्ड स्टोर निर्माण गरिनेछ ।

१६. तम्घासमा निर्माणाधीन हाटवजारको पूर्वाधार पूरा गरी हाटवजार संचालनमा ल्याइने छ ।

१७. नगरपालिका क्षेत्रभित्र र त्यससंग जोडिएका जिल्ला तथा गाउँपालिका जोड्ने पक्की पुल निर्माण गर्न सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाइनेछ ।

१८. रेसुङ्गा नगरपालिका क्षेत्रमा पर्ने मुख्य सडकको मापदण्ड १० मिटर कायम गरी निर्माण कार्य अगाडि वढाउन सडक परियोजनामा पहल गरिनेछ ।

१९. रेसुङ्गा विमानस्थललाई २ बर्ष भित्रमा सञ्चालनमा ल्याउने नीति अबलम्बन गरिनेछ ।

२०. विकास निर्माण कार्यमा संलग्न स्थानीय टोल विकास संस्था र उपभोक्ता समितिले गरेका कार्यहरूको मूल्याङ्कन गरी सर्वोत्कृष्ट कार्य गर्नेलाई सम्मान गरिने छ ।

२१. नगरक्षेत्रभित्र प्रयोगमा रहेका सडकहरूको सार्वजनिक लगत कट्टा गर्ने कार्यलाई अभियानको रुपमा निरन्तरता दिइने छ, साथै खुल्ला सार्वजनिक स्थानको संरक्षण सम्वर्द्धन गरि होडिङ्ग बोर्ड राखिनेछ ।

२२. नगरक्षेत्र भित्र रहेका घनाबस्ती तथा वजार क्षेत्रका खोल्साहरुमा सतह ढलान गरी ढल निकासको व्यवस्थापन गर्ने प्रक्रिया अगाडि बढाइनेछ ।

२३. नगर यातायात गुरुयोजनालाई अध्यावधिक गरि नगरस्तरका प्राथमिकतामा परेका सडकहरुलाई नयाँ निर्माण/मर्मत/स्तरोन्नति गरिनेछ ।

२४. नगरस्तरीय सडकहरूलाई स्तरोन्तति गरी बाह्रै महिना गाडी चलाउनेतर्फ प्रोत्साहित गरिनेछ र बाँकी सडकहरुलाई वडा मार्फत मर्मत संभार गर्ने व्यवस्था मिलाइने छ ।

२५. सडक निर्माण तथा मर्मतसम्भार गर्दा श्रममूलक, वातावरण मैत्री र सहभागीतामूलक अवधारणालाई प्राथमिकता दिइनेछ ।

२६. १५ लाखभन्दा माथिका योजनाहरूको प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।

२७. नगरका सडकहरूमा कि.मि. पोष्ट राख्ने व्यवस्था मिलाइनेछ ।



रेसुङ्गा नगरपालिका

२८.	वातावरणीय पक्षलाई मध्येनजर राख्दै वर्षाद्को समयमा (श्रावण र भदौ सम्म) सडकमा डोजर चलाउन नपाइने व्यवस्थालाई कार्यान्वयन गरिनेछ  तर पहिरोले आवागमन अवरुद्ध भएमा प्रयोग गर्न सकिने छ ।

२९. उपभोक्ता समितिमार्फत संचालन हुने भौतिक योजनाहरूमा लागत अनुमानको न्यूनतम १० प्रतिशत रकम सहभागिताका आधारमा योजना सञ्चालन गरिनेछ ।

३०. भवन निर्माण गर्दा भूकम्पीय जोखिमता न्यूनीकरण गर्ने तर्फ जोड दिदैं भवन आचार संहिताको पालना गरिने छ ।

## सस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ

१. नगरपालिका भित्रका १४ वटै वार्डहरुमा वार्ड कार्यालय स्थापना गरी सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज, निष्पक्ष, पारदर्शी, मितव्ययी र प्रतिस्पर्धी बनाई  प्रत्येक नागरिकले सुशासनको अनुभूति गर्ने वातावरण सिर्जना गरिनेछ ।

२. नगरपालिका कार्यालय र वडा कार्यालयले प्रदान गर्ने सेवा सुविधाका सम्बन्धमा सवै सरोकारवालाहरूले सहजरूपमा पढ्न सक्नेगरी नागरिक वडापत्र टाँस गरिनेछ र जनगुनासो सुन्ने व्यवस्थालाई  प्रभावकारी रुपले अगाडि बढाइने छ ।

३. बजेट कार्यान्वयन तथा सेवा प्रवाहमा प्रभावकारी राष्ट्रसेवक कर्मचारीका लागि उचित प्रोत्साहन गरिनेछ ।

४. नगरपालिकाबाट सम्पादन हुने कामहरूलाई थप प्रभावकारी बनाउन आवश्यक विषयगत र क्षेत्रगत कोषहरू स्थापना गरिनेछ । कोष संचालनका लागि कार्यविधि, निर्देशिका वनाई लागु गरिनेछ ।

५. पारदर्शिता एवं सुशासनका लागि नगरपालिकासँग सम्बन्धित सम्पूर्ण सूचनाहरूलाई विभिन्न सञ्चार माध्यमबाट सार्वजनिकीकरण गर्ने कार्यलाई प्रभावकारी बनाइने छ ।

६. नगरपालिकामा जनशक्ति न्यून भएकोले सम्बन्धित निकायहरुसँग समन्वय गरी आवश्यक जनशक्ति व्यवस्थापन गर्दै लगिनेछ ।

७. नगरपालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने खालको कार्यक्रमहरु सञ्चालन गरिने छ ।

८. बजेट तथा कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता ल्याउन बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना बनाई लागु गरिनेछ ।

९. वित्तीय पारदर्शिता, उत्तरदायित्व र वित्तीय अनुशासनका लागि सामाजिक लेखापरीक्षण, सार्वजनिक सुनुवाईलाई अनिवार्य गरिनेछ भने उपभोक्ता/ लाभग्राही समुहलाई सो सम्बन्धमा अनुशिक्षणको व्यवस्था गरिनेछ ।

१०. बजेट तथा कार्यक्रमको प्रभावकारी अनुगमन, मूल्याङ्कनको व्यवस्था गरिनेछ ।

**प्रमाणित गर्ने :**

.............................

**डिल्लीराज भुसाल**

**(नगर प्रमुख)**

**मिति : २०७४/०५/०५**

रेसुङ्गा नगरपालिका